कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकूद शाखा
जामुनबारी,झापा
१नं. प्रदेश,नेपाल
०२३-४०११५५(६११)

प.सं.:२०७४/०७५
च.नं.:

मिति :२०७५।०१।११

**विषय :–सूचना । सूचना ॥ सूचना ॥।**

यस नगरपालिका भित्र अनुमति लिई वा नलिई सञ्चालनमा रहेका शिक्षा,युवा तथा खेलकूदसँग सम्बद्ध विभिन्न संघ संस्थाहरुको अभिलेखीकरण, नियमन तथा अनुगमन गरी त्यस किसिमका संस्थाहरुसँग साझेदारी र समन्वय गर्न आवश्यक देखिएकोले यो सूचना प्रकाशित गरिएको छ । देहाय बमोजिम हुने गरी आफ्नो संस्थाको विवरण २०७५ बैशाख मसान्त भित्र यस शाखामा आइपुग्ने गरी पठाउनु हुन अनुरोध छ । विवरण उपलब्ध नगरी संघ संस्था सञ्चालन भएको पाइएमा सोबाट पर्न सक्ने असरको जवाफदेही स्वम् हुनु पर्ने व्यहोरा यसै सुचनाबाट अवगत गराइएको छ ।

**१.शिक्षासँग सम्बन्धित–**

क. अनुमति नलिई सञ्चालनमा रहेका प्रारम्भिक बाल शिक्षा कक्षा,नर्सरी ,मन्टेश्वरी कक्षा,कोचिंग सेन्टर,ट्युसन सेन्टर,शैक्षिक तालिम सेन्टर,प्राविधिक शिक्षा सम्वन्धी तालिम सेन्टर आदिले अनुमति लिने प्रयोजनका लागि आवश्यक विवरणहरु ।

ख. अनुमति लिई सञ्चालनमा रहेका कोचिंग सेन्टर,ट्युसन सेन्टर,शैक्षिक तालिम सेन्टर,प्राविधिक शिक्षा सम्वन्धी तालिम सेन्टर आदिले अभिलेख राख्ने प्रयोजनका लागि आवश्यक विवरणहरु ।

**२.युवासँग सम्बन्धित–**

क. अनुमति नलिई सञ्चालनमा रहेका युवा क्लव,युवा समिति तथा युवा परिचालनसँग सम्बन्धित अन्य संघ संस्था आदिले अनुमति लिने प्रयोजनका लागि आवश्यक विवरणहरु ।

ख. अनुमति लिई सञ्चालनमा रहेका,युवा क्लव,युवा समिति तथा युवा परिचालनसँग सम्बन्धित अन्य संघ संस्था आदिले अभिलेख राख्ने प्रयोजनका लागि आवश्यक विवरणहरु ।

**३. खेलकूदसँग सम्बन्धित–**

क. अनुमति नलिई सञ्चालनमा रहेका खेलकूद क्लव, खेलकूदका प्रकार छुट्टै रहेका संस्था,खेलकूद समिति आदिले अनुमति लिने प्रयोजनका लागि आवश्यक विवरणहरु ।

ख. अनुमति लिई सञ्चालनमा रहेका खेलकूद क्लव, खेलकूदका प्रकार छुट्टै रहेका संस्था,खेलकूद समिति आदिले अभिलेख राख्ने प्रयोजनका लागि आवश्यक विवरणहरु ।

पुनश्च : विवरण भन्नाले संस्था सञ्चालन सम्वन्धी विधान,कार्यविधि,नियम वा निर्णयहरु,कार्य समिति,कार्यक्षेत्र,हाल सम्मका गतिविधि आदि उल्लेख भएका प्रमाण, निर्णयलाई प्रमाणित गर्ने कागजात र अनुमति लिएर सञ्चालन भएको भए सोको प्रमाण ।

हरिप्रसाद मिश्र
शिक्षा अधिकृत